# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्याः-२०७९/०८०

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः-२०७९/१०/०६)*

मरिण गाउँपालिकाको मनोसामाजिक परामर्शकर्ता नियुक्ति सम्बन्धी मापदण्ड, २०७९ बमोजिम मनोसामाजिक परामर्शकर्ता पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त आह्वान गरिएको छ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | पारिश्रमिक तथा सेवा | दरखास्त दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०७/०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | १ | मरिण गाउँ कार्यपालिकाको निर्णय बमोजिम | ५००/- | |

१. **दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरुः** नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, तालिमको प्रमाणपत्र, अनुभव भए सोको कागजात, २(दुई) प्रति पासपोर्ट साइजको फोटो ।

२. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण **महिला**।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

घ. मापदण्डमा उल्लेख भए बमोजिम कम्तीमा ६ महिनाको मनोसामाजिक परामर्शकर्ताको तालिम प्राप्त र स्थानीय महिलालाई ग्राहयता दिइने छ।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०७९/१०/२० गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ।

४. **दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः-** तोकिएको दरखास्त दस्तुर राष्ट्रिय बाणिज्य बैंक लि. कपिलाकोट शाखामा रहेको यस मरिण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. १५३०१००३०१०१३००२ मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटि नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने ।

५. **परीक्षाको किसिम** :- मरिण गाउँपालिकाको मनोसामाजिक परामर्शकर्ता नियुक्ति सम्बन्धी मापदण्ड, २०७९ बमोजिम ।

६. **परीक्षाको मिति, समय र स्थानः-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ७ (सात) दिन भित्र प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरिनेछ तथा लिखित एवं प्रयोगात्मक परीक्षा हुने मिति, समय र स्थान सोहि दिन तोकिनेछ ।

७. **दरखास्त पेश गर्ने स्थानः-** मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।

८. **करार अवधिः-** मनोसामाजिक परामर्शकर्ताको करार अवधि हाललाई २०८० असार मसान्त सम्म हुनेछ। सो भन्दा पछि करार अवधि थप सम्बन्धी व्यवस्था मरिण गाउँपालिकाको मनोसामाजिक परामर्शकर्ता नियुक्ति सम्बन्धी मापदण्ड, २०७९ मा व्यवस्था भए बमोजिम।

९. **कार्यविवरणः-** मरिण गाउँपालिकाको मनोसामाजिक परामर्शकर्ता नियुक्ति सम्बन्धी मापदण्ड, २०७९ मा तोकिए बमोजिम।

२०७९/१०/०६

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**